# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रीय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ असार २४ गते

## ज्येष्ठ नागरिकको अधिकार संरक्षणका लागि सरकारलाई पत्राचार

राष्ट्रिय मानव अधिकार आयोगले ज्येष्ठ नागरिकहरूको अधिकार रक्षाका लागि पहल गर्न आग्रह गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिससाथ आजै पत्राचार गरेको छ । ज्येष्ठ नागरिकको अधिकारबारे आयोगले गरेको अनुगमनको आधारमा उक्त पत्राचार गरिएको हो ।

ज्येष्ठ नागरिकहरूका पक्षमा सम्वैधानिक तथा कानुनी व्यवस्था भए पनि तिनको उचित पालना नभएकाले मानव अधिकार उपभोग गर्नमा उनीहरूलाई बाधा परेको पत्रमा उल्लिखित छ ।

ज्येष्ठ नागरिकहरूले पाउँदै आएका सामाजिक सुरक्षा भत्ता जीवन निर्वाहका लागि उपयुक्त हुने गरी बढाउँदै लैजान पत्रमा आग्रह गरिएको छ । विभिन्न कारणले परिवार बाहिर रही वृद्धाश्रम तथा दुर्गम क्षेत्रमा बसोबास गर्ने ज्येष्ठ नागरिकहरूले उक्त भत्ता सजिलै प्राप्त गर्ने व्यवस्था मिलाउन पनि पत्रमा आग्रह गरिएको छ ।

पत्रमा भनिएको छ, 'ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६३' बमोजिम ज्येष्ठ नागरिकले सार्वजनिक सवारी साधन, स्वास्थ्य सेवा, धार्मिक तथा सामाजिक स्थल, खानेपानी, विद्युत, टेलिफोनलगायतका सार्वजनिक सेवामा पाउनुपर्ने सहुलियतसम्बन्धी व्यवस्थाको कार्यान्वयन भए-नभएको बारे प्रभावकारी रूपमा अविलम्ब अनुगमन गर्न आवश्यक छ ।'

पत्रमा अगाडि भनिएको छ, 'उक्त ऐनको दफा १३ बमोजिम केन्द्रीय ज्येष्ठ नागरिक कल्याण समिति, दफा १५ बमोजिम जिल्ला ज्येष्ठ नागरिक कल्याण समिति तथा दफा १७ बमोजिमको ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था गरी ऐनको प्रभावकारी कार्यान्वयन गर्न गराउन आवश्यक देखिन्छ ।'

बेवारिसे अवस्थामा रहेका तथा हिंसामा परेका ज्येष्ठ नागरिकको पुनःस्थापना, स्वास्थ्योपचार एवम् मनोविमर्शको व्यवस्था मिलाउन पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको पत्रमा आग्रह गरिएको छ ।

यसअघि आयोगबाट भएको २०६९ असोज ११ को सिफारिस अनुसार 'ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६३' र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सो ऐनमा परिवारका सदस्यबाट ज्येष्ठ नागरिकहरूलाई परित्याग गरी बेवारिसे अवस्थामा छाड्ने कार्यलाई दण्डनीय बनाउने व्यवस्था गर्न पनि पत्रमा आग्रह गरिएको छ ।

वेदप्रसाद भट्टराई
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org